# नेपालगंज उप-महानगरपालिका
## नगरकार्यपालिकाको कार्यालय, नेपालगञ्ज
(प्रथम पटक प्रकाशित मिति : २०७५।१०।०२ गते)

## (हाईमास्ट जडान र सडक निर्माण कार्य सम्वन्धी बोलपत्र आव्हानको सूचना)

यस उपमहानगरपालिकाको विभिन्न स्थानमा हाईमास्ट जडान र वडा नं. ११ को सुनिल बानियाको घर बगल देखी .......... पूर्व राम हर्कको घर सम्म एक तर्फ नाली सो माथि ढक्कन र पि.सि.सि. ठेक्काको माध्यमबाट प्रक्रियाबाट गराउनु पर्ने भएकोले ईच्छुक फर्म, व्यवसायी वा कम्पनीहरुहरु बाट निम्न शर्तहरुको अधीनमा रही रीतपूर्वकको बोलपत्र आव्हान गरिएको छ ।

**शर्तहरुः-**

१) अद्यावधिक नविकरण गरेको ईजाजतपत्र, स्थायी लेखा नम्बर प्रमाणपत्र, मू.अ.कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, आ.व.०७४/०७५ सम्मको आयकर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी र निवेदन सहित तोकिएको बोलपत्र दस्तुर तिरी (पछि फिर्ता नहुने) यो सूचना प्रकाशित भएको मितिले ३० औं दिन कार्यालय समय भित्र यस कार्यालयबाट ईच्छुक बोलपत्रदाताले बोलपत्र सम्बन्धी कागजात खरिद गर्न सकिनेछ । साथै **Electronically** बोलपत्र पेश गर्न चाहने बोलपत्र दाताले सार्वजनिक अनुगमन कार्यालयको **www.bolpatra.gov.np** बाट ठेक्काको लागि **download** तथा **upload** गर्न सक्ने व्यवस्था गरिएको छ । तोकिएको दस्तुर यस कार्यालयको आर्थिक प्रशासन शाखा वा यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक नेपालगंज स्थित राजश्व खाता ग-४-१-४१३०३०४०१८१०४ मा जम्मा गरेको भौचरलाई बोलपत्र कागजात साथ **upload** गर्नु पर्नेछ ।

२) खरिद गरेको बोलपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्र दाताले प्रत्येक पानामा सही छाप गरि सिलबन्दी गरि खाम बाहिर फर्मको नाम, ठेगाना, कामको विवरण, ठेक्का नं. विवरण प्रोपराईटरको नाम, ठेगाना, फोन नं., मोबाईल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रमथम पटक सूचना प्रकाशित भएको मितिले ३१ औं दिन दिनको १२:०० बजे भित्र यस कार्यालयमा **Hard copy** वा **Electronically** दर्ता गर्न सकिनेछ ।

३) दर्ता भएका बोलपत्रहरु यो सूचना प्रथम पटक प्रकाशित भएका मितिले बोलपत्रको हकमा ३१औ दिन दिनको १४:०० बजे कार्यालयका प्रतिनिधि तथा बोलपत्राताको रोहबरमा खोलिने छ । बोलपत्रदाताको अनुपस्थिती मा बोलपत्र खोल्न बाधा पर्ने छैन ।

४) बोलपत्र खरिद गर्ने वा दाखिला गर्ने र खोल्ने दिन बिदा पर्न गएमा सो को भोलिपल्ट वा कार्यालय खुलेको पहिलो दिनको सोही समयलाई उक्त प्रयोजनको लागि मान्यता दिईनेछ ।

५) शिलबन्दी बोलपत्र फारामसाथ जमानत वापत तोकिएको रकम राष्ट्रिय बाणिज्य बैंक, नेपालगंज शाखा स्थित यस कार्यालयको धरौटी खाता नं.ग-३-४१३०३०३००७१०४ मा जम्मा गरि सक्कलै बैंक भौचर वा नेपाल सरकार बाट विडवण्ड जारी गर्न सक्ने ईजाजत प्राप्त बैंकहरु बाट बोलपत्र दाखिला गर्न अन्तिम मिति बाट कम्तीमा १२० दिन म्याद भएको विडवण्डको सक्कल संलग्न गर्नु पर्नेछ

६) बोलपत्र मा आइटमवाइज दर अंक र अक्षर दुवैमा स्पष्ट लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । केरमेट भएको ठाउंमा बोलपत्रदाताको सहि छाप भएको हुनु पर्नेछ ।

७) कार्यालयको हितलाई ध्यानमा राखी कुनै कारण जनाई वा नजनाई बोलपत्र पुरा वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

८) शर्त रहेको, रित नपुगेको तथा म्याद नाघी आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

९) यसमा उल्लेख नभएका अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ र अन्य प्रचलित कानून बमोजिम हुनेछ । बोलपत्र सम्बन्धी थप कुरा बुझ्नु परेमा यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राखी बुझ्न सकिनेछ ।

**बोलपत्र सम्बन्धी कार्यको विवरण**

| ठेक्का नं. | विवरण | आवश्यक संख्या | बोलपत्र दस्तुर | जमानत रकम | खरिद गर्ने अन्तिम समय | कैफियत |
|---|---|---|---|---|---|---|
| 18/2075/076 | हाईमास्ट जडान | 8 | 3000 | 280,000/00 | 30 औ दिन भित्र | |
| 19/2075/076 | सुनिल बानियाको घर बगल देखी ............ पूर्व राम हर्कको घर सम्म एक तर्फ नाली सो माथि ढक्कन र पि.सि.सि. | 1 | 3000 | 85,000/00 | 30 औ दिन भित्र | |